# चलचित्र जाँच सम्बन्धी कार्यविधि, २०८२

स्वीकृत मितिः २०८२/०९/०१

चलचित्र तथा वृत्तचित्र जाँच सम्बन्धी कार्यमा एकरूपता कायम गरी पारदर्शी बनाउन तथा चलचित्र जाँच सम्बन्धी कार्यलाई थप व्यवस्थित बनाउन आवश्यक भएकोले,

चलचित्र (निर्माण, प्रदर्शन तथा वितरण) ऐन, २०२६ को दफा ७ को उपदफा ३ ले दिएको अधिकार प्रयोग गरी चलचित्र जाँच समितिले यो कार्यविधि बनाएको छ।

१. संक्षिप्त नाम र प्रारम्भ : (१) यस कार्यविधिको नाम **"चलचित्र जाँच सम्बन्धी कार्यविधि, २०८२"** रहेको छ।

(२) यो कार्यविधि चलचित्र जाँच समितिबाट स्वीकृत भएको मितिदेखि लागू हुनेछ।

२. परिभाषा : विषय र प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमाः-

(क) "अध्यक्ष" भन्नाले केन्द्रीय चलचित्र जाँच समितिको अध्यक्ष सम्झनु पर्छ।

(ख) "इजाजत प्राप्त व्यक्ति" भन्नाले चलचित्र (निर्माण, प्रदर्शन तथा वितरण) नियमावली, २०५७ बमोजिम इजाजत प्राप्त गरेको व्यक्ति वा संस्था सम्झनु पर्छ।

(ग) "ऐन" भन्नाले चलचित्र (निर्माण, प्रदर्शन तथा वितरण) ऐन, २०२६ सम्झनु पर्छ।

(घ) "कार्यविधि" भन्नाले चलचित्र जाँच सम्बन्धी कार्यविधि २०८२ सम्झनु पर्छ।

(ङ) "चलचित्र" भन्नाले जुनसुकै प्रविधिमा बनेको चलायमान चित्र सम्झनु पर्छ।

(च) "चलचित्र जाँच सम्बन्धी कार्य" भन्नाले प्रचलित कानुन बमोजिम इजाजत प्राप्त गरी निर्माण भएका स्वदेशी चलचित्र, वृत्तचित्र तथा पैठारी गरी ल्याइएका विदेशी चलचित्र, वृत्तचित्रहरूको सार्वजनिक प्रदर्शन गर्नुअघि जाँच गर्ने कार्यलाई सम्झनु पर्छ।

(छ) "प्रदर्शक" भन्नाले चलचित्र प्रदर्शन गर्न इजाजतपत्र प्राप्त व्यक्ति सम्झनु पर्छ।

(ज) "बोर्ड" भन्नाले चलचित्र विकास बोर्ड सम्झनु पर्छ।

(झ) "मन्त्रालय" भन्नाले सञ्चार तथा सूचना प्रविधि मन्त्रालयलाई सम्झनु पर्छ।

(ञ) "निर्माता" भन्नाले चलचित्र निर्माण गर्न इजाजत प्राप्त व्यक्ति सम्झनु पर्छ।

(ट) "नियमावली" भन्नाले चलचित्र (निर्माण, प्रदर्शन तथा वितरण) नियमावली, २०५७ सम्झनु पर्छ।

(ठ) "वितरक" भन्नाले चलचित्र वितरण गर्न इजाजतपत्र प्राप्त व्यक्ति सम्झनु पर्छ।

(ड) "सदस्य" भन्नाले केन्द्रीय चलचित्र जाँच समितिको सदस्य र सो शब्दले अध्यक्ष र सदस्य सचिव समेतलाई सम्झनु पर्छ।

(ढ) "समिति" भन्नाले केन्द्रीय चलचित्र जाँच समिति भन्ने सम्झनु पर्छ।

(ण) "समितिको सचिवालय" भन्नाले मन्त्रालयको श्रव्य दृश्य तथा प्रसारण शाखालाई सम्झनु पर्छ।

३. **बैठक सम्बन्धी व्यवस्था :** (१) चलचित्र जाँच गरिने स्थान र समयको जानकारी समितिको अध्यक्ष वा निजले तोकेको सदस्यले सबै सदस्यहरूलाई विशेष परिस्थितिमा बाहेक चलचित्र जाँच गर्नुभन्दा चौबीस (२४) घण्टा अगाडि गराउनु पर्नेछ।

(२) चलचित्र जाँचको प्रमाणपत्र जारी गर्ने सम्बन्धमा छलफल गर्ने प्रयोजनको लागि समितिको बैठक चलचित्र जाँच गर्ने कार्य समाप्त हुने बित्तिकै अध्यक्षले तोकेको स्थानमा बस्नेछ।

(३) चलचित्र जाँचको काम केन्द्रीय चलचित्र जाँच समितिका कम्तिमा एकजना विज्ञ सदस्यको अनिवार्य उपस्थितिमा हुने र बैठकको निर्णय सामान्यतया सर्वसम्मतिबाट गरिनेछ। निर्णयमा सर्वसम्मति कायम हुन नसके बहुमतबाट निर्णय गरिनेछ।

(४) उपदफा (३) बमोजिम चलचित्र जाँच गर्दा विज्ञ सदस्यहरूको पदावधी सकिएर नयाँ नियुक्त नभएको वा कुनै विशेष कारणवश केन्द्रीय चलचित्र जाँच समितिका विज्ञ सदस्यहरू उपस्थित हुन नसकेमा चलचित्र विकास बोर्डको समन्वयमा मन्त्रालयले तयार गरेको रोष्टरबाट चलचित्र विज्ञ सदस्य आमन्त्रित गरी चलचित्र जाँच गर्न सकिनेछ।

(५) बैठकको निर्णयानुसार चलचित्र जाँच पश्चात चलचित्रमा कुनै संशोधन गर्न नपर्ने भएमा तत्काल र चलचित्र जाँचको क्रममा चलचित्रको कुनै दृश्य वा संवाद संशोधन गरी वा कुनै सूचना (डिस्क्लेमर) राख्नु पर्ने भएमा सो संशोधन गरी चलचित्र/ डकुमेन्ट्री प्राप्त भए पश्चात प्रमाणपत्र दिनु पर्नेछ।

(६) भाषा विज्ञ चाहिने चलचित्रको जाँच गर्दा भाषा विज्ञलाई आमन्त्रित गर्न सकिनेछ।

(७) बैठकको माइन्यूट तथा सम्बद्ध कागजात समितिको सचिवालयले व्यवस्थित गरी राख्नुपर्नेछ।

४. **इजाजत माग गर्दा र समितिबाट जाँच गर्दा लिइने आधारहरू:** (१) प्रदर्शन इजाजत माग भएका चलचित्रमा देहाय बमोजिमका विषयवस्तुलाई आधार लिई जाँच गर्नुपर्नेछ;

(क) नेपालको संविधान,

(ख) नेपालको अखण्डता, सुरक्षा, शान्ति र व्यवस्था तथा राष्ट्रिय हित,

(ग) मित्रराष्ट्रसँगको सु-सम्बन्ध,

(घ) अदालतको अवहेलना,

स्पष्टीकरणः "अदालतको अवहेलना" भन्नाले अदालतप्रतिको गलत अभिव्यक्ति, व्यवहार, विद्यमान कानूनको गलत व्याख्या तथा अदालतलाई मानमर्दन हुने दृश्य तथा संवादहरूलाई सम्झनु पर्छ।

(ङ) विभिन्न जातजाति, धर्म, संस्कृति, वर्ग, वर्ण, लिङ्ग, समुदाय वा सम्प्रदाय बीचको सु-सम्बन्ध,

(च) कुनै व्यक्ति विशेषको मानहानी,

(छ) लैङ्गिक हिंसालाई बढावा दिने, वा कुनै अपराध गर्न दुरुत्साहन दिने,

(ज) सार्वजनिक हित, सदाचार वा नैतिकताको प्रतिकूल असर पर्ने, आदि।

(२) उपदफा (१) बमोजिमको विषयवस्तुलाई आधार लिई जाँच गर्दा चलचित्रको कथावस्तु, दृश्य वा संवादको आशय मनोरञ्जनात्मक वा सन्देशमूलक भएमा त्यस्ता विषयवस्तुमा चलचित्र प्रदर्शन गर्न अनुमती दिइनेछ।

(३) समितिले उपदफा (१) को प्रतिकूल नहुने गरी आवश्यकता अनुसार चलचित्रको कुनै भागको काँटछाँट वा हेरफेर गरेर सार्वजनिक प्रदर्शन गर्न सकिने भए प्रमाणपत्र दिन सक्नेछ।

(४) उपदफा (१) र (२) बमोजिम प्रमाणपत्र नदिने वा उपदफा (३) बमोजिम इजाजत दिने निर्णय गर्न अघि दरखास्तवालालाई आफ्नो विचार व्यक्त गर्ने मनासिव मौका दिनु पर्नेछ।

५. **प्रमाणपत्रको वर्गीकरण** : समितिले चलचित्रको विषयवस्तु, सम्वाद तथा दृश्यका आधारमा चलचित्रलाई सार्वजनिक प्रदर्शन गर्न देहाय बमोजिमको लोगो अङ्कित प्रमाणपत्र दिनु पर्नेछ।

(क) **"U" (Universal) चिन्ह अङ्कित चलचित्र जाँच प्रमाणपत्र** :- कुनै शर्त तोकी वा नतोकी पारिवारिक रुपमा हेर्न उपयुक्त रहेको वा बालबालिकासहित परिवारका सबै सदस्य सँगै बसी वा बालबालिका एक्लैले पनि हेर्न सकिने दृश्य तथा सम्बाद भएका चलचित्रको लागि "U" अङ्कित प्रमाणपत्र ।

(ख) **"PG" (Parental Guidance) चिन्ह अङ्कित चलचित्र जाँच प्रमाणपत्र** :- १६ वर्ष मुनिका उमेर समूहका बालबालिकाहरूले अभिभावक विना हेर्न

बालबालिकाको मनोविज्ञानमा प्रतिकूल असर गर्ने दृश्य तथा सम्वाद भएका चलचित्रको लागि "PG" अङ्कित प्रमाणपत्र।

(ग) **"A" (Adult) चिन्ह अङ्कित चलचित्र जाँच प्रमाण पत्र** :- १६ वर्ष भन्दा माथिका वयष्क दर्शकहरूले मात्र हेर्न उपयुक्त हुने विषयवस्तु, दृश्य तथा संवाद भएका चलचित्रलाई "A" अङ्कित प्रमाणपत्र।

(घ) **"S" चिन्ह अङ्कित चलचित्र जाँच प्रमाणपत्र** :- कुनै पेशा वा वर्गका दर्शकहरूले मात्र हेर्न उपयुक्त हुने विषयवस्तु, दृश्य तथा संवाद भएका चलचित्रलाई "S" अङ्कित प्रमाणपत्र।

स्पष्टीकरणः यस खण्डको प्रयोजनको लागि "पेशा वा वर्गका दर्शक" भन्नाले चिकित्सक, इन्जिनियर, कानून व्यवसायी जस्ता पेशामा आवद्ध दर्शकहरूलाई सम्झनु पर्छ।

६. **स्वयंले जाँच गर्ने (Self-Censorship) पद्दतिको विकास गर्नुपर्ने** : चलचित्र निर्माता, निर्देशक वा वितरक स्वयंले जाँच गर्ने पद्धति (Self-Censorship) लाई प्रोत्साहित गर्ने उद्देश्यले चलचित्रसँग सम्बन्धित प्रचलित कानूनको पूर्ण पालना गर्दै दफा (४) मा उल्लेखित विषयहरूलाई ध्यान दिई चलचित्र निर्माण तथा प्रदर्शन गर्नुपर्नेछ।

७. **महोत्सवमा प्रदर्शन गरिने चलचित्रको जाँच** : समितिले चलचित्र जाँच गरी प्रदर्शन गर्न अधिकार प्रत्यायोजन गरेको अवस्थामा बाहेक समितिबाट जाँच पास भएका चलचित्र मात्र महोत्सवमा प्रदर्शन गर्न पाइनेछ।

८. **चलचित्र जाँच गराउने व्यक्ति वा संस्था जिम्मेवार हुनुपर्ने** : देहायका विषयमा चलचित्र जाँच गराउने व्यक्ति वा संस्था स्वयं जिम्मेवार हुनु पर्नेछः-

(क) चलचित्र जाँचको लागि निवेदन दिएपश्चात समितिले तोकेको समय र स्थानमा चलचित्र जाँच गराउनु पर्नेछ। जाँच समितिले चलचित्रको जाँचका लागि पेस भएको वा जाँच पास भएको चलचित्रका सम्बन्धमा गोपनीयता कायम गर्नु पर्नेछ।

(ख) चलचित्रको जाँच गर्न निवेदन दिंदा निर्माता, निर्देशक वा वितरक आँफैले वा निजले आधिकारिक अख्तियारी प्रदान गरेको व्यक्ति मार्फत दफा ४ बमोजिमको विषयवस्तु र दफा १० बमोजिमको शर्तहरूको पूर्णरूपमा पालना गर्नुका साथै चलचित्रबाट उत्पन्न हुनसक्ने सम्भावित जोखिमहरूको समेत स्वयम् जिम्मेवारी लिने गरी अनुसूची-१ बमोजिम स्वघोषणा गर्नुपर्नेछ।

९. **प्रोमो वा टेलर सम्बन्धमाः** चलचित्र सम्बन्धी प्रचलित कानूनको पालना गरी निर्माताले चलचित्रको प्रोमो वा टेलरको स्वःपरीक्षण गरी प्रचार प्रसार गर्नु पर्नेछ।

१०. **केन्द्रीय चलचित्र जाँच समितिका सदस्यले पालना गर्नुपर्ने आचरणहरू:** नियमावलीको नियम १६(१) बमोजिम गठित केन्द्रीय चलचित्र जाँच समितिका सदस्यले पालना गर्नुपर्ने आचरणका नियमहरू देहाय बमोजिम रहेका छन:-

(क) जाँचका लागि निर्धारित समय र स्थानमा विशेष परिस्थिति वाहेक अनिवार्य उपस्थित हुनुपर्ने,

(ख) जाँचको क्रममा कुनै जातजाति, धर्म, संस्कृति, वर्ग, वर्ण, लिङ्ग, समुदाय, सम्प्रदाय वा राजनीतिक आस्था वा विचारधाराका आधारमा विभेद वा झुकाव प्रदर्शन गर्न नहुने,

(ग) चलचित्रको जाँचका क्रममा कुनै दृश्य वा सम्वादमा काँटछाट वा हेरफेर गर्नुपर्ने भएमा सो सम्बन्धमा आफ्नो स्पष्ट धारणा राख्नुपर्ने,

(घ) समितिका सदस्यहरूले केन्द्रीय चलचित्र जाँच समितिका अध्यक्ष वा समितिको निर्णय बमोजिम मात्र अनुगमन गर्नुपर्ने,

(ङ) समय समयमा प्राप्त अन्य निर्देशनहरू अनिवार्य पालना गर्नुपर्ने ।

१०. **अनुमतिपत्र प्राप्त व्यक्तिले पालना गर्नुपर्ने शर्तहरू :** चलचित्र जाँच अनुमतिपत्र प्राप्त व्यक्तिले देहायका कुराहरू पालना गर्नुपर्नेछ।

(क) चलचित्रमा संशोधन गर्नुपर्ने अवस्थामा पर्याप्त समयको लागि विशेष परिस्थिति बाहेक चलचित्र जाँच गराउने व्यक्ति वा संस्थाले चलचित्र प्रदर्शन हुनुभन्दा कम्तीमा ३ (तीन) दिन अगाडि केन्द्रीय चलचित्र जाँच समितिमा निवेदन दिनुपर्नेछ।

(ख) चलचित्र जाँचको समयमा चलचित्रको निर्माता, निर्देशक वा वितरक स्वयम् उपस्थित हुन पर्नेछ ।आफू उपस्थित हुन नसक्ने भएमा लिखित रूपमा अख्तियारी प्राप्त आधिकारिक व्यक्ति उपस्थित हुनुपर्नेछ।

(ग) समितिले चलचित्रको जाँच गर्दा काँटछाँट गरेको वा हेरफेर गरेको वा शर्त बन्देजको पालना गर्न लगाएको चलचित्र तोके बमोजिम काँटछाँट गरेर वा हेरफेर गरेर वा शर्त बन्देजको पालना गरेर मात्र प्रदर्शन गर्नुपर्नेछ।

(घ) चलचित्रमा कुनै पेशा वा संस्थाको लोगो, पोशाक वा अन्य निजी सम्पत्तिको प्रयोग भएमा सम्बन्धित सरोकारवालाको पूर्व स्वीकृति लिई प्रदर्शन गर्नुपर्ने।

(ङ) चलचित्रको प्रचार सामग्री, पोष्टर, शो कार्ड तथा प्रोमो समेतमा चलचित्रको वर्ग (Category) उल्लेख गर्नुपर्नेछ।

(च) धुम्रपान तथा मद्यपान गरेको दृश्यमा "धुम्रपान/मद्यपान स्वास्थ्यको लागि हानिकारक छ" भन्ने सन्देश राख्नु पर्नेछ। यसैगरी, निर्वाचन सम्बन्धी प्रकृया/विषयको प्रयोग भएको दृश्यमा "निर्वाचन आचार संहिताको पूर्णरूपमा पालना गरौं" भन्ने सन्देश राख्नु पर्नेछ।

(छ) लागू औषध प्रयोग गरेको दृश्यमा लागू औषधको प्रयोग गर्नु गैह्रकानूनी हो भन्ने सन्देश राख्नुपर्ने, जुवा तास खेलेको दृश्यमा "जुवा तास खेल्नु सामाजिक अपराध हो" भन्ने सन्देश राख्नु पर्नेछ।

(ज) ट्राफिक नियम पालना नगरेको दृश्यमा "ट्राफिक नियम पालना गरौं" भन्ने सन्देश राख्नुपर्नेछ।

(झ) चलचित्रमा Disclaimer राख्नुपर्ने भएमा चलचित्रको शुरूमा राख्नु पर्नेछ।

(ञ) चलचित्र प्रदर्शन पूर्व र मध्यान्तरमा नेपाली समाजमा सार्वजनिक हित प्रवर्द्धन हुने प्रकृतिका अधिकतम १ मिनेट समयावधिका सचेतनामूलक सन्देश निः शुल्क प्रसारण गर्नुपर्नेछ। त्यस्तो सन्देश मन्त्रालयले चलचित्र विकास बोर्ड र विज्ञापन बोर्डसँग समन्वय गरी उपलब्ध गराउनेछ ।

११. **चलचित्र प्रदर्शकले पालना गर्नुपर्ने शर्तहरू :** चलचित्र प्रदर्शकले देहाय बमोजिमका कुराहरू पालना गर्नु पर्नेछः-

(क) समितिले चलचित्र जाँच प्रमाणपत्रमा काँटछाँट वा हेरफेर गर्न वा अन्य कुनै शर्त बन्देजको पालना गर्नुपर्ने विषय उल्लेख गरेमा सो शर्त बन्देज बमोजिमका चलचित्रहरू मात्र प्रदर्शन गर्नुपर्नेछ।

(ख) चलचित्र प्रमाणपत्रमा उल्लेख गरिएको वर्गीकरण स्पष्ट देखिने गरी टिकट काउन्टरको बाहिर टास्नुपर्ने र U, P/G, A र S वर्गीकरण प्राप्त चलचित्रको प्रदर्शनमा निश्चित उमेर समूह, पेशा वा वर्गका दर्शकहरूले मात्र हेर्ने सुनिश्चितता गर्नुपर्नेछ।

(ग) प्रदर्शकले चलचित्र प्रदर्शन गर्नुभन्दा अगाडि चलचित्र जाँच समितिबाट प्राप्त चलचित्र जाँचपास प्रमाणपत्रको छायाँङ्कनप्रति पर्दामा देखाउनु पर्नेछ।

(घ) प्रदर्शकले चलचित्र जाँच समितिबाट जाँचपास गरेको चलचित्रलाई काटछाँट गरी प्रदर्शन गर्न पाइने छैन ।

१२. **अनुगमन गर्न सक्ने :** चलचित्र प्रदर्शनका बखत चलचित्र जाँच समितिले तोकेका शर्त वा बन्देजको पालना भए/नभएको विषयमा आवश्यक जाँचबुझ गर्न समितिका अध्यक्षले सदस्यहरू, चलचित्र विकास बोर्ड वा सम्बन्धित अन्य विज्ञहरूलाई नियमित स्थलगत अनुगमन गरी प्रतिवेदन पेश गर्न लगाउने कार्यका लागि खटाउन सक्नेछ।

१३. **प्रदर्शनमा रोक लगाउने :** चलचित्रको अनुगमन गर्दा समितिले तोकेको शर्त वा बन्देजको पालना नगरेको पाइएमा त्यस्ता चलचित्र प्रदर्शनमा रोक समेत लगाउन सक्नेछ।

१४. **अध्ययन अनुसन्धान कक्ष व्यवस्था गर्न सक्नेः** मन्त्रालयले केन्द्रीय चलचित्र जाँच समितिको अध्ययन अनुसन्धान कक्ष व्यवस्था गर्न सक्नेछ।

१५. **कार्यविधिमा संशोधन :** केन्द्रीय चलचित्र जाँच समितिले यस कार्यविधिमा आवश्यकता अनुसार हेरफेर गर्न सक्नेछ।

१६. **समितिको अधिकार :** चलचित्र जाँच गर्दा यस कार्यविधिमा उल्लेख भएको बाहेक अन्य विषयमा निर्णय गर्ने अधिकार समितिमा रहनेछ।

१७. **खारेजी र बचाउः-** (१) चलचित्र जाँच सम्बन्धी कार्यविधि, २०८० खारेज गरिएको छ।

(२) चलचित्र जाँच सम्बन्धी कार्यविधि, २०८० बमोजिम यस अघि भए गरेका काम कारबाही यसै कार्यविधि बमोजिम भए गरेको मानिनेछ।

अनुसूची १

१. चलचित्रको नामः
२. किसिमः- स्वदेशी/विदेशी/..........भाषा
३. निर्माताको नामः
४. निर्देशकको नामः
५. चलचित्रको लम्बाईः

| क्र.स. | विषय | पालना भएको | पालना नभएको | लागू नहुने |
|---|---|---|---|---|
| १. | मन्त्रालय समक्ष चलचित्र जाँचपासको लागि आधिकारिक व्यक्ति (चलचित्र निर्माता वा आधिकारिक वितरक वा निर्देशक) वा अधिकारप्राप्त व्यक्तिबाट निम्न कागजातहरू संलग्न गरी निवेदन पेश गरेको। | | | |
| 1.1. | रू. १०/- को हुलाक टिकटसहित तोकिएको ढाँचामा निवेदन (नियम १७ को उपनियम (१) संग सम्बन्धित अनुसूची-१० अनुसार) | | | |
| 1.2. | चलचित्र विकास बोर्डको सिफारिस पत्र, | | | |
| 1.3. | स्वदेशी चलचित्रको हकमा चलचित्र निर्माण इजाजतपत्रको प्रतिलिपि, | | | |
| 1.4. | स्वदेशी चलचित्रको हकमा निर्माताबाट प्राप्त गरेको आधिकारिक पत्रको प्रतिलिपि | | | |
| 1.5. | स्पष्ट र बुझिने कथावस्तु लेखन (स्क्रिप्ट) (विदेशी चलचित्रको हकमा नेपाली वा अङ्ग्रेजीमध्ये कुनै एक भाषामा अनुवाद गरिएको कथा संवादसहितको स्क्रिप्ट/पटकथा) | | | |
| 1.6. | विदेशी चलचित्रको हकमा आधिकारिक वितरकको इजाजतपत्रको प्रतिलिपि | | | |
| 1.7. | विदेशी चलचित्रको हकमा भन्सार दस्तुर बुझाएको प्रमाणित कागजात | | | |
| 1.8. | विदेशी चलचित्रको हकमा सम्बन्धित मुलुकको अधिकार प्राप्त निकाय वा अधिकारीले चलचित्र जाँच गरी जारी गरेको प्रमाणपत्रको प्रतिलिपि | | | |
| 1.9. | चलचित्रको पोष्टर तथा शो कार्ड | | | |
| 1.10. | कम्पनी/संस्था दर्ता प्रमाणपत्र, कम्पनी अध्यावधिक पत्र, कम्पनीको पछिल्लो आ.व.को करचुक्ता प्रमाणपत्र | | | |
| 1.11. | राजस्व दाखिला गरेको भौचर (विदेशमा निर्माण गरेको चलचित्रको लागि रू.१५,०००/- नेपाली भाषाको चलचित्र रू.५,०००/- र मातृभाषाको चलचित्रको लागि रू.३,०००) | | | |
| २. | सार्वजनिक प्रदर्शनको लागि तयार पारिएको चलचित्रको अन्तिम कपि सार्वजनिक प्रदर्शनको मिति भन्दा कम्तिमा ३(तीन) दिन अगावै चेकजाँचको लागि सेन्सर बोर्डको सचिवालय समक्ष पेश भएको | | | |
| ३. | धुम्रपान/मध्यपानका सबै दृष्यमा "धुम्रपान/मध्यपान स्वास्थ्यको लागि हानिकारक छ" भन्ने सन्देश राखेको | | | |
| ४. | ट्राफिक नियमको पालना नभएका सबै दृष्यमा "ट्राफिक नियमको पालना गरौं" भन्ने सन्देश राखेको | | | |
| ५. | निर्वाचन सम्बन्धी प्रकृया/विषयको प्रयोग भएको दृश्यमा "निर्वाचन आचार संहिताको पूर्णरूपमा पालना गरौं" भन्ने सन्देश राखेको | | | |

नेपाल सरकार केन्द्रीय चलचित्र जाँच समिति नेपाल

| क्र.स. | विषय | पालना भएको | पालना नभएको | लागू नहुने |
|---|---|---|---|---|
| ६. | लागू औषध प्रयोग गरेको दृश्यमा लागू औषधको प्रयोग गर्नु गैह्रकानूनी हो भन्ने सन्देश राखेको | | | |
| ७. | जुवा तास खेलेको दृश्यमा "जुवा तास खेल्नु सामाजिक अपराध हो" भन्ने सन्देश राखेको | | | |
| ८. | समाजमा अश्लील लाग्ने संवादको प्रयोग नगरिएको/आवाजरहित (Beep) गरिएको | | | |
| ९. | जाँचपासका लागि पेश गरिएको चलचित्रले नेपालको सुरक्षा, शान्ति र व्यवस्था, मित्रराष्ट्रहरूसंगको सम्बन्धमा खलल पार्ने, विभिन्न धर्म सम्प्रदाय एवम् जातजाति बीचको सुसम्बन्ध र सद्भावमा नकारात्मक असर पर्ने, सार्वजनिक हित वा नैतिकताको प्रतिकूल हुने, व्यक्ति विशेषको मानहानी हुने, अदालतको अवहेलना हुने, लैङ्गिक हिंसालाई प्रोत्साहन गर्ने एवं कुनै अपराध गर्न दुरुत्साहन गर्ने जस्ता श्रव्यदृष्य, हाउभाउ, संकेत समावेश नभएको | | | |
| १०. | प्रतिलिपि अधिकारको संरक्षण सम्बन्धी कानुनको पालना भएको | | | |
| ११. | चलचित्र जाँच सम्बन्धी कार्यविधि, २०८० को बुँदा नं ६ बमोजिम स्वयं जाँच (Self Censor) भएको | | | |
| १२. | चलचित्रको प्रदर्शन पूर्व र मध्यान्तरमा नेपाली समाजमा सार्वजनिक हित प्रवर्द्धन हुने प्रकृतिका एक मिनेट समयावधिका सचेतनामूलक सन्देश संलग्न रहेको। | | | |

सार्वजनिक प्रदर्शनीको लागि तयार पारिएको प्रस्तुत चलचित्र.........................................मा चलचित्र जाँच सम्बन्धी कार्यविधि, २०८२ को दफा ४ बमोजिमको विषयवस्तु र दफा १० बमोजिमको शर्तहरूको पूर्णरूपमा पालना गरेको छु, साथै चलचित्रबाट उत्पन्न हुनसक्ने सम्भावित जोखिमहरूको .................................. जिम्मेवार हुनेछु।

**स्वघोषणा गर्ने दरखास्तवालाको**

नामः

निर्माता/निर्देशक/

पदः

दस्तखतः

ईमेल ठेगानाः

कम्पनी/संस्थाको नाम:

मोवाईल नम्वरः

कम्पनी/संस्थाको नाम र छापः